# स्थानीय राजपत्र

सुनकोशी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ७) पाङ्ग्रेटार, सिन्धुपाल्चोक, बैशाख ०८ गते, २०८० साल (संख्या २**

## भाग २

## सुनकोशी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### पाङ्ग्रेटार, सिन्धुपाल्चोक

# जलश्रोत तथा मुहान दर्ता सम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावना :** सुनकोशी गाउँपालिका भित्रको भू-सतहमा वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलश्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवं जलश्रोतको लाभदायक उपयोगहरूको निर्धारण गर्ने, त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानिकारक प्रभावको रोकथाम गर्ने एवं जलश्रोतलाई प्रदूषणमुक्त राखी समुचित प्रयोग गर्न वान्छनीय भएकोले नेपालको संविधानको **धारा २२६ (१) अनुसूची ८** र स्थानीय सरकार सञ्चालन ऐन, **२०७४ को दफा ११ (प)** ले दिएको अधिकार प्रयोग गरी **सुनकोशी गाउँपालिका**

**जलश्रोत तथा मुहान दर्ता सम्बन्धी कार्यविधि,२०७९** यो कार्यविधि जारी गरेको छ ।

## १.संक्षिप्त नाम र प्रारम्भ

(१).यस कार्यविधिको नाम "सुनकोशी गाउँपालिका जलश्रोत तथा मुहान दर्ता कार्यविधि, २०७९" रहेको छ ।

**(२).यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।**

## २. परिभाषा :

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

(क) **"जलश्रोत"** भन्नाले गाउँपालिका भित्रको भू-सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्छ ।

(ख) **"लाभदायक उपयोग"** भन्नाले उपलब्ध साधन र श्रोतले भ्याएसम्म समुचित रूपले गरिएको जलश्रोतको उपयोग सम्झनु पर्छ ।

(ग) **"अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्था"** भन्नाले जलश्रोतको उपयोग गर्ने दफा ७ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्था सम्झनु पर्छ ।

(घ) **"गाउँपालिका जलश्रोत समिति"** भन्नाले दफा **१०** बमोजिम गठित समिति सम्झनु पर्छ ।

(ङ) **"जल उपभोत्ता समिति"** भन्नाले यस कार्यविधि बमोजिम गाउँपालिका क्षेत्रभित्र रहेका जलश्रोतको सदुपयो गरी खानेपानी, सिंचाई, साना लघु जल विद्युत आदीको निर्माण गरी सामुहिक हितको लागि कार्य गर्ने गरी गठन भएका जल उपभोक्ता समितिलाई सम्झनु पर्दछ । सो शब्दले सुनकोशी गाउँपालिका भित्रका जल उपभोक्ता समितिलाई जनाउँछ ।

(च) **"अनुमति पत्र"** भन्नाले दफा **१९** बमोजिम दिईने अनुमति पत्र सम्झनु पर्छ ।

(छ) **"सर्वेक्षण"** भन्नाले जलश्रोत उपयोगका लागि गरिने विस्तृत सम्भाव्यता अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण, वातावरणीय प्रभाव मूů्याङ्कन, डिजाईन र त्यसका लागि गरिने अन्वेषण सम्बन्धी कार्य सम्झनु पर्छ ।

(ज) **"उपभोक्ता"** भन्नाले सम्बन्धित सेवा प्रयोग तथा उपभोग गर्ने व्यक्ति सम्झनु पर्छ ।

(झ) **"सेवा शुल्क"** भन्नाले गाउँपालिका वा अधिकार प्राप्त व्यक्ति वा संस्थाले उपलब्ध गराएको जलश्रोतसँग सम्बन्धित सेवा उपभोग गरे वापत उपभोक्ताले बुझाउनु पर्ने शुल्क सम्झनु पर्छ ।

(ञ) **"गाउँपालिका"** भन्नाले सुनकोशी गाउँपालिका लाई सम्झनु पर्छ ।

(ट) **"अध्यक्ष"** भन्नाले गाउँपालिका **अध्यक्षलाई** सम्झनु पर्छ ।

(ठ) **"उपाध्यक्ष"** भन्नाले गाउँपालिका **उपाध्यक्षलाई** सम्झनु पर्छ ।

(ड) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गाउँपालीकाको **प्रमुख प्रशासकीय अधिकृतलाई** सम्झनु पर्छ ।

**३. जलश्रोत स्वामित्व**

गाउँपालिका भित्र रहेको जलश्रोतको स्वामित्व गाउँपालिकामा निहित रहनेछ ।

**४. जलश्रोत उपयोग :** (१) यस कार्यविधि बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले पनि जलश्रोतको उपयोग गर्न पाउने छैन ।

**(२)** उपदफा **(१)** मा जुन सुकै कुरा लेखिएको भएता पनि देहाय बमोजिम जलस्रोतको उपयोग गर्न अनुमति पत्र लिनु पर्ने छैन :

(क) घरेलु उद्योगको रूपमा पानी घट्ट वा पनचक्की चलाउन तर यसरी चलाउँदा व्यवसाय दर्ता भने गर्नुपर्नेछ।

(ख) व्यक्तिगत रूपमा स्थानीय आवागमनको लागि डुङ्गाको प्रयोग गर्न,

(ग) जग्गा धनीले आफ्नो जग्गा भित्र मात्र सीमित रहेको जलस्रोत नियमानुसार उपयोग गर्न।

**(३)** जलस्रोतको उपयोग गर्ने व्यक्ति वा सङ्गठित संस्थाले अरूलाई मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नु पर्नेछ।

**(५)** **<u>उपभोक्ता समिति/संस्था गठन तथा दर्ता प्रकृया</u>** : यस कार्यविधि बमोजिम खानेपानी उपभोक्ता समिति, सिंचाई तथा साना जलविद्युत्त समिति दर्ता गर्दा तपशिल अनुसारको प्रकृयाहरु अवलम्वन गर्नु पर्नेछ।

**(क)** सामूहिक लाभका लागि संस्थागत रूपमा जलस्रोतको उपयोग गर्न चाहने व्यक्तिहरूले पदाधिकारी तथा सदस्य समेत गरी कम्तीमा सात (७) सदस्य रहने गरी उपभोक्ता समिति गठन गर्न सक्ने छन्। यसरी समिति गठन गर्दा अध्यक्ष, उपाध्यक्ष र सचिव मध्ये १ जना महिला र पूर्ण समितिमा **३३** प्रतिशत महिला र अन्य जातीगत, भूगोल र क्षेत्रलाई समावेशी हुनेगरी

समिति गठन गर्नु पर्नेछ। यसरी समिति गठन गर्दा खानेपानी उपभोक्ता समिति, सिंचाई तथा साना जलविद्युत आयोजना निर्माण सिमित समेत यही कार्यविधि अनुसार गठन गर्नसक्ने छन्।

**(ख).** खण्ड (क) बमोजिम गठन भएको खानेपानी उपभोक्ता समितिले खानेपानी, सिंचाई तथा साना जलविद्युत्त आयोजना तथा व्यवस्थापन गर्ने सम्बन्धमा परियोजनाबाट लाभान्वित जनसंख्या, कार्य क्षेत्र, उल्लेख भएको मुहान देखि धारा सम्मको सामुदायिक नक्सा, उद्येश्य, समितिको निर्वाचन प्रणाली, पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार, मर्मत संम्भार कोष, मर्मत संम्भार कार्यकर्ता लगाएतका विषयहरु सहित दफा ७ अनुसारको दुई प्रति विधान तयार गरी सम्बन्धित समितिबाट अनुमोदन गराउनु पर्नेछ।

**(ग).** दफा ५ को खण्ड (क) बमोजिम गठन भएको खानेपानी उपभोक्ता समितिले खानेपानी, सिंचाई तथा साना जल विद्युत्त आयोजना दर्ता गर्न सम्बन्धित वडा कार्यालयको सिफारिस सहित अनुसुची-१ बमोजिमको ढाँचामा भएको व्यहोरा स्पष्ट खुलाई तथा नियमानुसारको दस्तुरहरु बुझाई प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

**(घ).** प्रमुख प्रशासकीय अधिकृतले दफा १० र १२, बमोजिमको सिफारिस भएर आएका जलश्रोत

समिति/मुहान दर्ताका लागि अनुसूची - २ को प्रकृया पुरा भएपश्चात् अनुसूची -३ बमोजिमको ढाँचामा उपभोक्ता समिति दर्ता प्रमाण-पत्र प्रदान गर्नु पर्नेछ।

६. <u>सूचना जारी गर्ने :</u> (१) दफा (५) खण्ड (क) र (ख) बमोजिम खानेपानी उपभोक्ता सिमित दर्ता गर्नको लागि पेश भएका निवेदनहरु सम्बन्धमा आवश्यक जाँचबुझ गरी उपयुक्त देखिएमा सुनकोशी गाउँपालिकाको कार्यालयले जलश्रोत उपयोग गर्ने सम्बन्धमा कोही कसैको दावी विरोध भए/नभएको सम्बन्धमा अनुसूची -२ बमोजिमको ढाँचामा ३५ दिन सम्म दावी विरोधको समयवधी रहेको सूचना जारी गर्नु पर्नेछ।

(क). दफा ६ को उपदफा (१) बमोजिमको सूचनामा देहायको विषयहरु उल्लेख भएको हुन पर्दछ।

(१). खानेपानी उपभोक्ता समितिको नाम, ठेगाना :

(२). खानेपानी उपयोग सम्बन्धि विवरण :

(३). खानेपानी रहेको स्थान तथा मुहान :

(ख).उपदफा (१) मा उल्लेख भएको अनुसूची -२ बमोजिमको सूचना सुनकोशी गाउँपालिकाको कार्यालय र सम्बन्धित वडा कार्यालयले सूचना पाटीमा अनिवार्य रुपमा टाँस गर्नु पर्नेछ र सम्बन्धित वडा कार्यालयले सो को जानकारी गाउँपालिकालाई दिनु पर्नेछ।

**७. विधानमा खुलाउनु पर्ने विवरणहरु :** दफा ५ को **(क)** र **(ख)** बमोजिम पेश गर्नु पर्ने उपभोक्ता संस्थाको विधानमा संस्था सम्बन्धी देहायका विवरणहरु खलाउनु पर्नेछ ।

(क) पुरा नाम र ठेगाना,

(ख) उद्देश्य तथा कार्यक्षेत्र,

(ग) सदस्यको लागि योग्यता र सदस्यता शुल्क,

(घ) सदस्यको निष्काशन र राजीनामा,

(ङ) हक दावी, नामासारी वा हकवालाको मनोनयन,

(च) साधारण सभा सम्बन्धी,

(छ) सञ्चालक समितिको गठन (निर्वाचन एवं काम, कर्तव्य र अधिकार,

(ज) सञ्चालक पदमा बहाल रहन नसक्ने अवस्था,

(झ) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि,

(ञ) कोष र लेखापरीक्षण,

(ट) मर्मत संम्भार कोष सन्चालन व्यवस्था

(ठ) मर्मत संम्भार कार्यकर्ता नियुक्ति, सेवा-सुविधा सम्बन्धि व्यवस्था र TOR

(ड) खानेपानी योजनाहरु र उपभोक्ता समितिहरुको मर्ज र सो सम्बन्धि व्यवस्था

(ढ) विधान र संशोधन,

(ण) विघटन,

(त) जलस्रोत उपयोग र व्यवस्थापन,

(थ) विविध ।

**८. दर्ता र प्रमाणपत्र :** (१) दफा ५ को **(क) र (ख)** बमोजिम पर्न आएको दरखास्त उपर गाउँपालिका जलश्रोत समितिले आवश्यक

जाँचबुझ गरी उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त देखेमा दर्ता गरी दर्ता शुल्क वापत अनुसूची-४ मा उल्लेखति शुल्क लिई अनुसूची - ३ बमोजिमको ढाँचामा गाउँपालिकाले उपभोक्ता संस्था दर्ताको प्रमाणपत्र दिनेछ ।

(२) उपदफा (१) बमोजिम कुनै उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त नदेखेमा गाउँपालिका जलश्रोत समितिले सोको स्पष्ट कारण खोली दरखास्त वालालाई दरखास्त पेश गरेको मितिले (३०) तीस दिन भित्र सूचना दिनु पर्नेछ ।

(३) यो कार्यविधि प्रारम्भ हुनु अगावै प्रचलित कानून बमोजिम दर्ता भएका उपभोक्ता संस्थाहरु यसै कार्यविधि बमोजिम भएका मानिनेछन् ।

८.१. जलश्रोत समिति दर्ता गर्दा देहाका प्रकृया पुरा गर्नु पर्नेछ।

(क). जलउपभोक्ता समिति गठन तथा दर्ता सम्बन्धि निर्णय भएको माईनुटको फोटोकपी

(ख). दफा ७ बमोजिमको स्वीकृत विधान,

(ग). उपभोक्ता समितिमा रहने पदाधिकारीहरुको नागरिताको फोटोकपी

(घ). वडा कार्यालयको सिफारिस

(ङ). उपभोक्ता समिति अन्तर्गत रहने सदस्यहरुको जलउपभोक्ता विवरण।

९. **विधान संशोधनः** : उपभोक्ता संस्थाले आफ्नो विधान संशोधन गर्नु परेमा विधान संशोधनको ३ महले फारम भरि आवश्यक प्रक्रिया पूरा गरी तयार गरिएको विधानको संशोधित मस्यौदा गाउँपालिका जलश्रोत समितिमा पेश गर्नु पर्नेछ र समितिले

तत्सम्बन्धमा आवश्यक जाँचबुझ गरी विधान संशोधन गर्न स्वीकृति दिन सक्नेछ ।

## १०. गाउँपालिका जलश्रोत समितिको गठन

(१).गाउँपालिका भित्र रहेको जलश्रोतको उपयोग तथा नियमन सम्बन्धि निती तथा योजना निर्माण एंव जलश्रोत समिति दर्ता तथा जलश्रोत उपयोग अनुमती अनुमति प्रदान गर्ने प्रयोजनको लागि गाउँपालिका जलश्रोत समिति रहनेछ ।

(२) गाउँपालिका जलश्रोत समितिमा देहायका अध्यक्ष र सदस्यहरु रहने छन् ।

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) जलश्रोत दर्ता गर्ने सम्बन्धित वडाको अध्यक्ष - सदस्य

(घ) गाउँपालिकाको प्राविधिक शाखा प्रमुख - सदस्य

(ङ) वन (रेपो) सव डिभिजनको प्रमुख/अधिकृत प्रतिनिधि - सदस्य

(च) खानेपानी क्षेत्र हेर्ने शाखा प्रमुख - सदस्य

(छ) प्रमुखप्रशासकीय अधिकृत - सदस्य सचिव

**११. जलश्रोत समितिको बैठक र कार्यविधि :** (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

(२).बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ वा निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षताता गर्नेछ । बैठकको निर्णय अध्यक्ष र सदस्य – सचिवले प्रमाणित गर्नेछ ।

(३).बैठकमा कुनै विषयमा थप परामर्श आवश्यक पर्ने भएमा आवश्यकता अनुसार गाउँपालिकाका अन्य कर्मचारी तथा पदाधिकारीलाई अध्यक्षसँग अनुमती लिई सदस्य-सचिवले आमन्त्रण गर्न सक्ने छ ।

(४).बैठक सञ्चालनको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१२. जलश्रोत समितिको काम, कर्तव्य र अधिकार :**

गाउँपालिका जलश्रोत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमक हुनेछ :

(क). गाउँपालिका भित्र भएका जलश्रोतहरुको पहिचान गर्ने

(ख). यस कार्यविधि बमोजिम समिति दर्ता लागि पेश भएका निवेदनहरुको अध्ययन गरी दर्ताका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्ने।

(ग). जल उपभोग गर्ने सम्बन्धमा उत्पन्न भएका समस्याहरु समाधान गर्ने।

(घ). सुनकोशी गाउँपालिका गाउँ कार्यपालिकाले तोकेको अन्य कार्यहरु गर्ने।

**१३. जलश्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्रको दरखास्त दिने:**

१) जलश्रोत उपयोगको सर्भेक्षण अनुमति पत्र लिन चाहने व्यक्ति वा संगठित संस्थाले गाउँपालिका जलश्रोत समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त परेपछि समितिले पेश भएको निवदेन उपर जाँचबुझ गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा उपयुक्त देखिएमा समितिले जलश्रोत उपयोगको सर्वेक्षण अनुमति पत्र दिनु पर्नेछ । यसरी अनुमति प्राप्त गरेको व्यक्तिले सर्वेक्षणको काम समाप्त गरेको मितिले ३० दिन भित्र सर्वेक्षण सम्पन्न भएको प्रतिवेदन गाउँ जलश्रोत समिति समक्ष पेश गर्नु पर्नेछ ।

**१४. जलश्रोत उपयोग अनुमतिपत्रको लागि दरखास्त दिने :**

(१) जलश्रोतको उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले कार्यालयले तोकेको ढाँचामा प्रस्तावित परियोजनासँग सम्बन्धित विवरणहरु खुलाई गाउँपालिकामा रहेको जलश्रोत समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

(क). परियोजना विस्तृत विवरण (परियोजना स्थलको नक्शा, उपयोग गरिने पानीको श्रोत, परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित समय, लागत, परियोजनाको सहभागीहरुको नाम र तिनीहरुको संलग्नताको किसिम, परियोजनामा अन्तिम स्वामित्व रहने व्यक्ति वा संगठन संस्था तथा त्यस्तो संस्थाका सञ्चालकहरुको नाम, थर र वतन समेत स्पष्ट रुपमा खुलाउनु पर्छ ।

(ख). संम्भाव्यताको विश्लेषण (परियोजनाको विस्तृत नक्शा सहितको प्राविधिक विवरण तथा आर्थिक विश्लेषण र उपभोक्ताहरुको विवरण खुलाउनु पर्ने ।

(ग). वित्तीय व्यवस्था (परियोजनाको अनुमानित वित्तीय व्यवस्था, परियोजनाको लगानीकर्ताहरुको आर्थिक हैसियत, परियोजनामा प्रत्यक्ष रुपले सहभागी हुने

वित्तीय संस्थाहरुको प्रतिवद्धता र लगानीकर्ताहरुको दायित्व तथा शेयर पूँजी र ऋणको प्रतिशत)

(घ) घर जग्गाको उपयोग वा प्राप्ती परियोजना निर्माण कार्यको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तीको लागि चाहिने सरकारी वा गैर सरकारी जग्गाको कुल क्षेत्रफल जग्गा धनीहरुको लागत समेत उल्लेख गर्नुपर्नेछ ।

(ङ). वातावरणीय प्रभाव विश्लेषण (परियोजनाले वातावरणमा पार्ने उल्लेखनीय प्रतिकूल प्रभावलाई न्यूनतम गर्न अपनाउने उपायहरु तथा जलश्रोतमा रहने जलचर एवं जल वातावरण संरक्षणको लागि अपनाउने उपायहरु, परियोजनाको सम्बन्धित क्षेत्रमा पार्न सक्ने सामाजिक तथा आर्थिक प्रभावको अतिरिक्त विद्यमान स्थानीय श्रम तथा श्रोत र साधनको उपयोग, परियोजना सम्बन्धी कार्य पूरा भएपछि त्यस क्षेत्रका व्यक्तिहरुले पाउने लाभ, निर्माण तथा सञ्चालन संम्भार सम्बन्धमा स्थानीय उपभोक्तालाई दिइने तालिम निर्माण शिविरको लागि आवश्यक पर्ने सुविधाहरु, सुरक्षात्मक व्यवस्थाहरु तथा परियोजना सञ्चालनबाट सम्बन्धित जग्गा धनीहरुलाई पर्न सक्ने असर, विस्थापित जनसंख्याको लागत र तिनीहरुको पुनर्वासको लागि अपनाउने आवश्यक व्यवस्था समेत स्पष्ट रुपमा खुलाउनु पर्छ ।

(च). मुहान/उपभोग गरिने जलउपभोक्ता शुरुवाती विन्दुको स्वामित्व खुल्ने कागजात, मुहान सार्वजनिक सरकारी जग्गामा भए वडाको सिफारिस एंव उपभोग गर्न दिने

कार्यपालिकाको निर्णय, सामुदायिक वनको जग्गामा भए सामुदायिक वन र सोको सहमती सम्बन्धि निर्णय।

(छ). जलउपभोग सम्बन्धी वडा कार्यालयको पदाधिकारीहरुको रोहवरमा गरिएको सार्वजनिक मुचुल्का।

**१५. दरखास्त उपर जाँचबुझ :**

(१) दफा १५ बमोजिम दरखास्त प्राप्त भएपछि यस कार्यविधि बमोजिम दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु विवरण वा प्रतिवेदन पेश गरे/नगरेको सम्बन्धमा गाउँपालिका जलश्रोतसँग सम्बन्धित भएकाले आवश्यक जाँचबुझ गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ दर्ता दरखास्तवालाले दरखास्त साथ पेश गर्नुपर्ने कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गरेको रहेनछ भने त्यस्तो कागजात, विवरण वा प्रतिवेदन पेश गर्न गाउँपालिका जलश्रोत समितिले सम्बन्धित दरखास्तवालालाई मनासिब माफिकको म्याद तोकी दरखास्त दर्ता भएको मितिले ७ (सात) दिनभित्र सो कुराको सूचना दिनु पर्नेछ ।

(३) दफा (२) बमोजिम कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गर्न गाउँपालिका जलश्रोत समितिले म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागत प्राप्त हुन आउँछ सोही मितिलाई दरखास्त परेको मिति मानिनेछ ।

**१६. सार्वजनिक सूचना प्रकाशित गर्नुपर्ने**: (१) दफा १५ बमोजिम जलश्रोतको उपयोगको अनुमतिपत्रको लागि दरखास्त परेपछि गाउँपालिका जलश्रोत समितिले आवश्यक जाँचबुझ गरी तत्सम्बन्धी विवरणहरु खुलाई सार्वजनिक जानकारीको लागि ३५ (पैतसि) दिनको लागि सूचना प्रकाशित गर्नु पर्नेछ ।

**१७. सुझाव वा दावि/विरोध गर्न सक्ने: (१)** दफा १४ बमोजिम सूचना प्रकशित भएपछि जलस्रोतको उपयोगिता सम्बन्धित

परियोजनाको निर्माण तथा सञ्चालन गर्दा कुनै उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा वा अनुमति पत्र नदिन कुनै दावी विरोध भएमा तत्सम्बन्धी विवरणहरु खुलाई सूचना प्रकाशित भएको मितिले ३५ (पौतिस) दिन भित्र गाउँपालिका जलस्रोत समिति समक्ष जो सुकैले पनि सुझाव/निवेदनको उजुरी दिन सक्नेछ ।

(२) यस कार्यविधि बमोजिम जलस्रोतको उपयोग सम्बन्धी कार्य संन्चालन गर्न अनुमतीपत्र प्राप्त व्यक्तिलाई अनुमतिपत्रमा उल्लेख भए बमोजिम कामको लागि सोही अनुमतिपत्रमा तोकिएको स्थान र क्षेत्रसम्मको जलस्रोत उपयोग गर्ने अधिकार प्राप्त हुनेछ ।

(३) गाउँपालिका जलस्रोत समितिले जलस्रोत उल्लेखनीय प्रतिकूल असर न्युनिकरण गर्ने सम्बन्धमा सम्बन्धित दरखास्तवालाले पालना गर्नुपर्ने कुराहरु अनुमतिपत्र दिँदा तोकी दिन सक्नेछ ।

**१८. अनुमतिपत्र दिने: (१)** दफा १२ बमोजिम दरखास्त उपर दफा १३ र १४ बमोजिम कार्यविधि पूरा गरी गराई गाउँपालिका जलश्रोत समितिले दरखास्तवालाको माग बमोजिम वा आवश्यक भए संशोधन समेत गरी कार्यालयकाले तोकेको ढाँचामा दरखास्तवालालाई जलश्रोतको उपयोग सम्बन्धी अनुमति पत्र दिनु पर्नेछ ।

**१९. नयाँ अनुमतिपत्र लिनुपर्ने:** (१) कार्यविधि प्रारम्भ हुनु अगावैदेखि जलश्रोतको उपयोग गरिरहेको व्यक्ति वा संगठित संस्थाले पनि दफा १२ मा एल्लेखित विवरणहरु खुलाई कार्यविधि प्रारम्भ भएको मितिले एक वर्षभित्र गाउँपालिका

जलश्रोत समिति समक्ष जलस्रोत उपयोगको अनुमतिपत्रको लागि दस्तखत दिनु पर्नेछ ।

(२). उपदफा (१) बमोजिम पर्न आएको दरखास्त उपर सम्बन्धित गाउँपालिका जलश्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालालाई कार्यालयले तोकेको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ ।

(३) उपदफा १ र २ मा जुनसुकै कुरा लेखिएको भए तापनि साविक जिल्ला जलश्रोत समतिमा दर्ता भई उक्त समितिबाट सक्कल फाइल सहित नवीकरण लगाएत अभिलेखका लागि लेखी आएमा उक्त समिति यसै कार्यविधि बमोजिम दर्ता भएको मानिने छ ।

२०. **अनुमति पत्र दस्तुर :** यो कार्यविधि बमोजिमको जलश्रोत उपयोग सम्बन्धी कार्य सञ्चालन गर्न अनुमती पत्रको लागि दरखास्त दिँदा तथा अनुमति लिँदा र नवीकरण गर्दा **अनुसूची-४** मा तोकिए बमोजिमको अनुमती पत्र दस्तुर बुझाउनु पर्नेछ ।

२१. **अनुमतिपत्र नवीकरण गर्ने :** (१) यो कार्यविधि बमोजिम जलश्रोतको सर्वेक्षण वा उपयोगको लागि अनुमति-पत्रमा उल्लेखित अवधि समाप्त हुनु अगावै अर्को अवधिको लागि अनुमतिपत्र नवीकरण गर्नु पर्नेछ ।

(२).प्रत्येक अनुमतिपत्र नवीकरण गराउँदा **अनुसूची -४** मा तोकिएको दस्तुरको पचास प्रतिशत नवीकरण दस्तुर लाग्नेछ ।

२२. **अनुमतिपत्र बिक्री वा हस्तान्तरण गर्न स्वीकृति लिनु पर्ने** : **(१)** अनुमति-पत्र प्राप्त व्यक्ति वा संस्थाले आफ्नो अनुमतिपत्र कसैलाई हस्तान्तरण गर्नु परेमा गाउँपालिका जलश्रोत समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन उपर गाउँपालिका जलश्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको नाउँमा रहेको अनुमतिपत्र अन्य व्यक्ति वा

संगठित संस्थाको नाउँमा बिक्री गर्न वा स्वामित्व हस्तान्तरण गर्न स्वीकृति दिन सक्नेछ ।

२३. **वार्षिक शुल्क :** अनुमति पत्र प्राप्त व्यक्तिले जलश्रोतको उपयोग गरी अन्य व्यक्तिहरुलाई व्यापारिक प्रयोजनको लागि जलश्रोत उपलब्ध गराए वापत गाउँपालिकालाई बुझाउनु पर्ने वार्षिक शुल्क अनुसूची-४ मा उल्लेख गरे बमोजिम हुनेछ ।

२४. **उपभोक्ता समिति/संस्थाको सम्पत्ति :** (१) उपभोक्ता समिति/संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा गाउँपालिकाले त्यस्तो सम्पत्तिको दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई उपभोक्ता समिति/संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

(२).उपभोक्ता समिति/संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले उपभोक्ता समिति/संस्थाको कुनै सम्पत्ति लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा नियम विपरितको कार्य गरेको औपचारिक जानकारी प्राप्त भएमा वा पुष्टी भएमा उक्त उपभोक्ता समिति वा समितिका पदाधिकारी/संस्थाको कुनै कर्मचारी/सदस्यलाई पदबाट निलम्व गरी उपर प्रचलित कानून बमोजिम गाउँपालिकाले कारवाही चलाउन सक्नेछ ।

२५. **उपभोक्ता समिति/संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न सक्ने :**

(१).उपभोक्ता समिति/संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो उपभोक्ता समिति/संस्थालाई कुनै अर्को उपभोक्ता समिति/संस्थामा गाभ्न उचित देखेमा सो उपभोक्ता समिति संस्थाले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न उपभोक्ता समिति/संस्थाको विधान बमोजिम साधारणसभा बोलाउनु पर्ने छ ।

(२).साधारण सभामा कुल सदस्य संख्याको ९० प्रतिशत सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण

सभाबाट पारित भएको मानिनेछ । साथैं,गाउँपालिकाको जलश्रोत समितिबाट स्वीकृत भए पश्चात् मात्र कार्यान्वयनमा आउने छ ।

२६. **वार्षिक साधारण सभा तथा आयव्यय विवरण पठाउनु पर्नेः** उपभोक्ता समितिले आफ्नो समितिको आय-व्यय विवरण आर्थिक वर्ष शुरु भएको ३ (असोज समान्त) महिना भित्र साधारण सभा सम्पन्न गरी कार्तिक समान्त भित्र लेखापरिक्षण प्रतिवेदन सहित गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

२७. **गाउँपालिकाले निर्देशन दिनेः** गाउँपालिकाले जलश्रोत उपयोग सम्बन्धमा गाउँपालिका जलश्रोत समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु गाउँ जलश्रोत समितिको कर्तव्य हुनेछ ।

२८. **अनुसूची हेरफेर वा थपघट गर्न सक्नेः** पाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी यस कार्यविधिको अनुसूचीमा उल्लेख गरिए अनुसार थपघट गर्न सक्नेछ ।

२९. **खारेजी वा बचाउः** सुनकोशी गाउँपालिकामा २०७४ देखि २०७९ चैत्र सम्म दर्ता भएका जलश्रोत तथा मुहान दर्ता र समिति दर्ता प्रकृया जलश्रोत तथा मुहान दर्ता कार्यविधि, २०७९ को प्रावधान अनुसार हुनेछ । साथैं, गाउँपालिकाले कुनै पनि जलश्रोत तथा मुहान दर्ताको खारेज वा बचाउँ गर्ने अधिकार जलश्रोत तथा मुहान दर्ता समितिलाई हुनेछ ।

**अनुसूची - १**
**(दफा ४ को उपदफा (४) ख बमोजिम)**
**निवेदनको ढाँचा**

मिति : ......।......।............

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
सुनकोशी गाउँपालिकाको कार्यालय
पाङग्रेटार, सिन्धुपाल्चोक ।

**विषयः जलश्रोत मुहान/जलश्रोत समिति दर्ता सम्बन्धमा ।**

**महोदय,**

हामीले ............................................................................ उपभोक्ता संस्था/गठन गरी दर्ता गराउन चाहेको हुँदा प्रचलित नियम बमोजिम उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको एक प्रति विधान र जलश्रोत दर्ता कार्यको लागि निवेदन दस्तुर वापत रसिद नं. ......... वाट रु............/- दस्तुर सहित दरखास्त दिएका छौं ।

**विवरण :**
**१.** उपभोक्ता संस्थाको नाम : ..............................................................................................
**२.** कार्य क्षेत्र : ......................................
**३.** उद्देश्यहरू:

**४. उपभोक्ता समितिका पदाधिकारी/सदस्यहरूको विवरण :**

| सि.नं. | नाम | ठेगाना | पेशा | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |

**५.उपयोग गरिने जलश्रोतको विवरण :**

(क) जलश्रोतका नाम र रहेको ठाउँ :

(ख) जलश्रोतबाट गरिने प्रयोग :

(ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलश्रोतको परिणाम :

(घ) उक्त जलश्रोतको हाल भैरहेको उपभोग :

**६.उपभोक्ता संस्थाले पुऱ्याउन चाहेको सेवा सम्बन्धी विवरण :**

(क) सेवाको किसिम :

(ख) सेवा पुऱ्याउने क्षेत्र :

(ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्या :

(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावना :

७. आर्थिक श्रोतको विवरण :

८. कार्यालको ठेगाना :

९. उपभोक्ता विवरण :

| सि.न. | नाम,थर | ठेगाना | फोन नम्वर | उपभोताको आधिकारीक हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**निवेदक**
**उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेको**
सही :
नाम :
पद :
ठेगाना :
सर्म्पक नं.:

असुसूची-२

**सुनकोशी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

पाङग्रेटार, सिन्धुपाल्चोक

मिति : ....................

पत्र संख्या :

चलानी नं.:.....

**मुहान/समिति दर्ता सम्बन्धि सूचना ।**

सिन्धुपाल्चोक जिल्ला सुनकोशी गाउँपालिका अन्तंगत देहायको जलश्रोत समिति दर्ताको लागि यस कार्यालयमा निवेदन पेश हुन आएकोले **सुनकोशी गाउँपालिकाको जलश्रोत तथा मुहान दर्ता सम्बन्धि कार्यविधि, २०७९** मा भएको व्यवस्था बमोजिम उपभोक्ता मुहान/समिति दर्ता प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ । उक्त दर्ता सम्बन्धमा कुनै दावी/विरोध भए आजका मितिले ३५ दिनभित्र यस कार्यालयमा सबुत प्रमाण पेश गर्न सर्वसाधरणको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**तपशिल :**

१. समितिको नाम :

२. ठेगाना :

३. उद्येश्य :

४ मूहानको नाम:

सूचना जारी गर्ने अधिकारी

दस्तखत :

नाम, थर :

पद : प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
**सुनकोशी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
पाङ्ग्रेटार, सिन्धुपाल्चोक
**बागमती प्रदेश, नेपाल**

**टिप्पणी संख्या :** **(टिप्पणी र आदेश)** मिति :

**विषयः जल उपभोक्ता समिति दर्ता प्रमाण-पत्र सम्बन्धमा।**

श्रीमान्

उपरोक्त सम्बन्धमा, सुनकोशी गाउँपालिका वडा नं ..... बस्ने ................................ले जल उपभोक्ता समिति दर्ता गरी पाउँ भनि मिति ......................... गते यस कार्यालयमा प्रकृया अनुसार दिएको निवेदन उपर सुनकोशी गाउँपालिकाको जलश्रोत तथा मुहान दर्ता सम्बन्धमा कुनै पनि प्रकारको दावी/विरोध नपरेको हुँदा जलश्रोत तथा मुहान दर्ता सम्बन्धि कार्यविधि, २०७९ ले गरेको व्यवस्था बमोजिम उक्त समिति/मूहान मुहान दर्ता गर्नुपर्ने देखिन्छ। यसर्थ, सुनकोशी गाउँपालिकाको जलश्रेत तथा मुहान दर्ता सम्बन्धि, २०७९ को दफा ५ को (क), (ख) र (ग) बमोजिम रहेको पाईएकोले उक्त जल उपभोक्ता समिति दर्ता गरी सो प्रमाण-पत्र प्रदान गर्न श्रीमान् समक्ष निर्णयार्थ पेश गर्दछु ।

**अनुसूची -३**

**सुनकोशी गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**पाङग्रेटार, सिन्धुपाल्चोक**

**२०७३**

**बागमती प्रदेश, नेपाल**

**समिति/मुहान/संस्था दर्ता प्रमाण-पत्र ।**

Photo

**दर्ता न. ........**
**दर्ता मिति : २०...../....../......**

........................................ (सम्बन्धि उपभोक्ता संस्थाको नाम) लाई सुनकोशी गाउँपालिका गाउँ जलश्रोत समितिको मिति ......................गतेको निणर्य नं............अनुसार यस कार्यविधिको **दफा ५ को उपदफा ४** (क), (ख) र (ग) बमोजिम यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाण-पत्र प्रदान गरिएको छ । गाउँपालिकाको कार्यविधि तथा निर्देशन बमोजिम कार्यक्रम संचालन गर्नु होला । संस्थाको कार्यक्षेत्र गाउँपालिकाको वडा नं...रहनेछ ।

........................

**प्रमाण-पत्र जारी गर्ने**
**नाम, थर :**
**पद :**
**मिति :**

<u>नवीकरण विवरण</u>

| सि.न. | नवीकरण मिति (आ.व.) | नवीकरण समाप्त मिति | र.न. | रकम | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**अनुसूची-४**

## अनुमती-पत्र दस्तुर

| सि.न. | जलश्रोत उपयोगको किसिम | दस्तुर |
|---|---|---|
| १ | खानेपानी मुहान दर्ता र घरेलु उपयोग/सामुदायिक | रु.२०००/- |
| २ | खानेपानी उपभोक्ता समिति दर्ता | रु.२०००/- |
| ३ | सिंचाई सामुदायिक | रु.२०००/- |
| ४ | पशुपालन तथा मत्स्यपालन जस्ता कृषी जन्य उपयोग | रु.२०००/- |
| ५ | घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग | रु.५०००/- |
| ६ | जल यातयात | रु.५०००/- |
| ७ | आमोद प्रमोद जन्य उपयोग | रु.८०००/- |
| ८ | अन्य उपयोग | रु.५०००/- |

अनुसुची - ५

**सुनकोशी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**जलश्रोत समिति**

**जलश्रोतको प्रयोगको सर्वेक्षण अनुमतीपत्रको लागि दरखास्त**

मिति : ......।......।..........

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

सुनकोशी गाउा कार्यपालिकाको कार्यालय

पाङग्रेटार, सिन्धुपाल्चोक

विषय : जलश्रोत प्रयोगको सर्वेक्षण सम्बन्धमा ।

जलश्रोतको उपयोगको निमित्त सर्वेक्षण गर्नको लागि अनुमती पत्र पाउन जलश्रोत दफा .......बमोजिम देहायको विवरण खुलाई यो दरखास्त पेश गरेको छु ।

१. व्यक्ति वा संस्थाको नाम :

२. उद्येश्य:

३. सर्वेक्षण गर्ने क्षेत्र :

४. सर्वेक्षण गर्न लाग्ने अनुमानति खर्च रु.

(पुष्टयाई विवरण संलग्न गर्नुपर्ने छ।)

५.सर्वेक्षण गर्ने अवधि :

६.अन्य विवरणहरु (जलश्रोत तथा मुहान दर्ता सम्बन्धी कार्यविधि, २०७९ बमोजिम)

(माथि उल्लेखित व्यहोरा ठिक साँचो छ । झुटो ठहरेमा कानुन बमोजिम सहुँला बझाउँला)

संगठित संस्था वा सो संस्थाको छाप :

**<u>सम्बन्धित व्यक्ति वा संगठित संस्थाको तर्फबाट दरखास्त दिनेको</u>**

.....................

**नाम, थर :**

**सही :**

**पद :**

**अनुसूची - ६**

**सुनकोशी गाउँपालिका**

**गाउँपालिका जलश्रोत समिति**

**पाङग्रेटार, सिन्धुपाल्चोक**

**मिति :** .................

**अनुमति पत्र संख्या :**

**श्री** ....................
**सुनकोशी गाउँपालिका**
.......**नं. वडा**

**विषय : अनुमति-पत्र सम्बन्धमा ।**

तँपाईलाई जलश्रोतको उपयोगको सर्वेक्षण गर्न पाउने गरी देहायको विवरण खोली यस गाउँपालिका जलश्रोत कार्यविधि कमोजिम अनुमती-पत्र प्रदान गरिएको छ ।

१.व्यक्ति वा संगठित संस्थाको पुरा नाम ठेगाना :

२.जलश्रोत सर्वेक्षणको उद्येश्य :

३.जलश्रोत क्षेत्र :

४.अनुमतीपत्र वहाल रहने अवधी :

५.अनुमतीपत्र वहाल रहने अवधी :

.....................................

**अनुमतीपत्र दिने अधिकारी**

**नाम,थर :**

**पद :**

**मिति :**

**अनुसूची - ७**

**सुनकोशी गाउँपालिका**

**गाउँपालिका जलश्रोत समिति**

**पाङग्रेटार, सिन्धुपाल्चोक**

**मिति :** .................

**श्री अध्यक्ष ज्यू**
**गाउँपालिका जलश्रोत समिति**
**सुनकोशी गाउँपालिका, सिन्धुपाल्चोक**

**विषय : जलश्रोतको उपयोगको अनुमती-पत्र सम्बन्धमा ।**

यस सुनकोशी गाउँपालिका जलश्रोतको उपयोगको निमित्ति अनुमती-पत्र पाउन जलश्रोत तथा मुहान दर्ता सम्बन्धी कार्यविधि, २०७९ को दफा १८ बमोजिम देहायका विवरणहरु समेत खुलाई यो दरखास्त पेश गरेको छु ।

१.व्यक्ति वा संगठित संगठित संस्थाको नाम र ठेगाना :
२.उद्येश्य :
३.उपयोग गर्न खोजेको जलश्रोतको र उपयोग परिमाण गर्ने प्रयोजन :
४.प्रस्तावित जलश्रोत उपयोग गर्ने ठाँउ :
५.जलश्रोतको उपयोगबाट लाभ पुग्ने ठाउँको क्षेत्रफल :
६.प्रस्तावित सेवाबाट लाभाविन्त हुने उपभोक्ताहरुको संख्या :
७.जलश्रोतको उपयोगको लागि लाग्ने अनुमानित रकम र सोको श्रोत :
८.जलश्रोत गर्ने तरिका :
९.जलश्रोतको हाल भैरहेको र भविष्यमा हुन सक्ने उपयोग :
१०.अन्य विवरणहरु :

माथि, उल्लेखित व्यहोरा ठीक साँचो हुन् । भ्कुटा ठहरेमा कानुन बमोजिम सहुँला बुझाउँला ।

संगठिक संस्था भए सो संस्थाको छाप :

सम्वन्धित व्यक्ति वा संगठित संस्थाको तर्फबाट दरखास्त दिनेको :

..........................
नाम, थर :
पद :
सर्म्पक नं.
नम्बर :
मिति :

**अनुसूची - ८**

**सुनकोशी गाउँपालिका**

# गाउँपालिका जलश्रोत समिति

**पाङग्रेटार, सिन्धुपाल्चोक**

**मिति :** .................

**अनुमति-पत्र संख्या :**

**श्री** ......................

**सुनकोशी गाउँपालिका**

.....**वडा नं**.....

**विषय : जलश्रोतको उपयोगको अनुमती-पत्र सम्बन्धमा ।**

**तँपाईलाई जलश्रोतको उपयोग गर्न पाउने गरी देहायको विवरण खोली जलश्रोत तथा मुहान दर्ता कार्यविधि, २०७९ बमोजिम यो अनुमती-पत्र प्रदान गरिएको छ ।**

**१.व्यक्ति संगठित संस्थाको नाम र ठेगाना :**

२. जलश्रोत उपयोगको उद्येश्य :

३. जलश्रोतको नाम, किसिम र रहने स्थान :

४. उपयोग गर्न पाउने जलश्रोत परिमाण :

५. उपयोग गर्ने क्षेत्र :

६. प्रस्तावित सेवाबाट लाभाविन्त हुने उपयोगहरुको संस्था :

७. अनुमतीपत्र वहाल रहने अवधि :

**अनुमतीपत्र दिने**

अधिकारीको नाम, थर

सही :

पद :

मिति :

सुनकोशी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पाङग्रेटार, सिन्धुपाल्चोक

## गाउँपालिका जलश्रोत समिति

विषय : जलश्रोतको उपयोगको अनुमती-पत्र नवीकरण सम्बन्धमा ।

| सि.न. | जलश्रोत उपयोगकर्ता वा योजनाको नाम | जलश्रोत उपयोगको अनुमती-पत्र प्रदान गरिएको मिति | अनुमती-पत्र नं. | रसिद नं. | नवीकरण प्रमाणिकरण गर्ने |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

का.पा.बाट स्वीकृत मिति : २०७९।१२।२९

प्रमाणित मिति : २०८०।०१।०८

आज्ञाले,

पूर्ण प्रसाद दुलाल

प्रमुख प्रशासकीय अधिकृत ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु.२५।-